# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, जेठ २२ गते २०६९ साल (संख्या ८

## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

**राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९**

नेपालको राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि आवश्यक भएकोले नेपाल सरकारले नेपालको राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी देहायको कार्यविधि बनाएकोछ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "राष्ट्रिय झण्डा" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय झण्डा सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय गान" भन्नाले दफा १२ बमोजिमको राष्ट्रिय गान सम्झनु पर्छ ।

(ग) "विशिष्ट व्यक्ति" भन्नाले देहायका व्यक्ति सम्झनु पर्छ :-

(१) राष्ट्रपति,

(२) उपराष्ट्रपति,

(३) प्रधानमन्त्री,

(४) प्रधान न्यायाधीश,

(५) संविधानसभाका अध्यक्ष/सभामुख,

(६) उपप्रधानमन्त्री,

(७) मन्त्री,

(८) संविधानसभाका उपाध्यक्ष/उपसभामुख,

(९) राज्यमन्त्री, र

(१०) सहायक मन्त्री ।

परिच्छेद-२

**राष्ट्रिय झण्डा सम्बन्धी व्यवस्था**

३. **राष्ट्रिय झण्डा** : (१) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६ मा उल्लेख भए बमोजिम सिम्रिक रङ्गको पृष्ठभूमि र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय झण्डा बनाउने तरिका र तत्सम्बन्धी अरू विवरण नेपालको अन्तरिम संविधान, २०६३ को अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **राष्ट्रिय झण्डाको आकार र प्रयोग** : (१) राष्ट्रिय झण्डाको प्रयोग गर्ने देहायका निकाय, विशिष्ट व्यक्ति वा संघ संस्थाको लागि देहायमा उल्लेख भए बमोजिम राष्ट्रिय झण्डाको आकार निर्धारण गरिएकोछ :-

(क) संवैधानिक निकाय तथा सरकारी कार्यालयहरूले प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ८X६ फिट,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संघ वा संस्थाले प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ६X४ फिट,

(ग) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्ष, गैरसरकारी संघसंस्था तथा नेपाली नागरिकले व्यक्तिगत रूपमा प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ४X३ फिट,

(घ) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको टेबुलमा र विशिष्ट व्यक्तिहरूले प्रयोग गर्ने सवारी साधनमा राखिने राष्ट्रिय झण्डाको आकार ३०X२० सेन्टिमिटर,

(ङ) राष्ट्रिय पर्व, राष्ट्रप्रमुख वा सरकार प्रमुखको औपचारिक भ्रमण तथा समकक्षी विदेशी पाहुनाहरूको सवारीका बखत तोकिए बमोजिमको सडकको दायाँ बायाँ र चोकमा फहराइने झण्डाको आकार ३X२.५ फिट ।

(२) नेपाली नागरिकले खण्ड (ग) बमोजिमको राष्ट्रिय झण्डाको अतिरिक्त खण्ड (ङ) बमोजिमको राष्ट्रिय झण्डा समेत प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) देखि खण्ड (ङ) मा उल्लिखित राष्ट्रिय झण्डाको नमूना अनुसूचीमा उल्लेख गरे बमोजिम हुनेछ ।

५. **सवारी साधनमा राष्ट्रिय झण्डाको प्रयोग** : (१) राष्ट्रपतिले मुलुकभित्र प्रयोग गर्ने सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा प्रयोग हुनेछ ।

(२) देहायका विशिष्ट व्यक्तिहरुले चढेको सवारी साधन वा अनुसूचीको परिशिष्ट "च" मा उल्लेख भए बमोजिमको नम्बर प्लेट रहेको सरकारी सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने छन् :-

(क) उपराष्ट्रपति,

(ख) प्रधानमन्त्री,

(ग) प्रधान न्यायाधीश, र

(घ) संविधानसभाका अध्यक्ष/सभामुख ।

(३) उपप्रधानमन्त्री, मन्त्री, संविधान सभाका उपाध्यक्ष/उपसभामुख, राज्यमन्त्री र सहायक मन्त्रीले निजी काममा बाहेक सरकारी कामको सिलसिलामा चढेको सरकारी सवारी साधन वा उपदफा (२) बमोजिम नम्बर प्लेट रहेको सरकारी सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउने छन् ।

६. **कार्यालय भवनमा राष्ट्रिय झण्डाको प्रयोग** : (१) देहायमा उल्लेख भएका कार्यालयका भवनहरूमा दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको राष्ट्रिय झण्डा राख्नु पर्नेछ :-

(क) राष्ट्रपतिको कार्यालय,

(ख) उपराष्ट्रपतिको कार्यालय,

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(घ) सर्वोच्च अदालत,

(ङ) संविधानसभा,

(च) उपप्रधानमन्त्रीको कार्यालय,

(छ) मन्त्रालय वा विशिष्ट श्रेणीको कर्मचारी रहने कार्यालय,

(ज) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

(झ) महालेखा परीक्षकको कार्यालय,

(ञ) लोक सेवा आयोग,

(ट) निर्वाचन आयोग,

(ठ) राष्ट्रिय मानव अधिकार आयोग,

(ड) महान्यायाधिवक्ताको कार्यालय,

(ढ) विदेशस्थित नेपाली राजदूतावासहरू तथा अन्य कूटनैतिक नियोगहरू,

(ण) नेपाल राष्ट्र बैङ्कको केन्द्रीय कार्यालय,

(त) पुनरावेदन अदालत,

(थ) जिल्ला प्रशासन कार्यालय,

(द) जिल्ला अदालत,

(ध) जिल्ला विकास समितिको कार्यालय,

(न) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय भवन तथा आगमन कक्षका भवनहरू, र

(प) विदेशबाट नेपालभित्र प्रवेश गर्ने राजमार्ग, जलमार्ग, सडक, गोरेटो, घोडेटोमा सबै भन्दा पहिलो स्थानमा पर्ने जुनसुकै निकाय अन्तर्गतको भए पनि पहिलो सरकारी कार्यालय, प्रहरी चौकी वा पोष्ट ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै भवनभित्र एकभन्दा बढी सरकारी कार्यालयहरु रहेमा एउटा मात्र राष्ट्रिय झण्डा राख्न सकिनेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य सरकारी कार्यालयले दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको राष्ट्रिय झण्डा प्रयोग गर्न बाधा पर्ने छैन ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशिष्ट व्यक्तिले आफू बस्ने गरेको सरकारी, निजी वा भाडाको भवन परिसरभित्र दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको राष्ट्रिय झण्डा राख्न पाउने छन् ।

७. **राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी अन्य व्यवस्था** : (१) संवैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्षभित्र दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको राष्ट्रिय झण्डा संवैधानिक निकाय वा सरकारी कार्यालय प्रमुख बस्ने कुर्सीको दायाँपट्टि राख्नु पर्नेछ ।

(२) दफा ६ को उपदफा (१) को खण्ड (क) देखि (ध) सम्मका कार्यालयका कार्यालय प्रमुखको कार्यकक्ष भित्रको टेबुल स्टैण्डमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा कार्यालय प्रमुखको टेबुलको दायाँपट्टि राख्नु पर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी राष्ट्राध्यक्ष वा सरकार प्रमुख नेपालमा अतिथि भई बसेको भवन, विदेशस्थित नेपाली राजदूत र अन्य कूटनीतिक नियोग प्रमुखको निजी निवासमा दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको राष्ट्रिय झण्डा राख्नु पर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली राजदूत र अन्य नियोगका प्रमुखले प्रयोग गर्ने सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिम राष्ट्रिय झण्डाको प्रयोग गर्दा सम्बन्धित मुलुकको प्रचलन अनुसार गर्नु पर्नेछ ।

(५) सरकारी कार्यालय भवनभित्र र बाहिर तथा आवास भवनहरूमा प्रयोग गरिने राष्ट्रिय झण्डा हरेक वर्षको बडा दशैं र नव वर्षको अवसरमा अनिवार्य रूपमा नयाँ फेर्नु पर्नेछ ।

तर राष्ट्रिय झण्डा च्यातिएमा, बिग्रेमा, रंग उडेमा वा अन्य कारणले अशोभनीय देखिएमा यस कार्यविधिको अधीनमा रही जुनसुकै समयमा पनि फेर्न सकिनेछ ।

(६) राष्ट्रिय पर्वहरूमा तथा विदेशी पाहुनाहरू नेपाल आउँदा र जाँदा सहर तथा सडक किनारमा राखिने दफा ४ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको राष्ट्रिय झण्डा आवश्यकता हेरी सामान्यतः वर्षको एक पटक नयाँ बनाउने वा फेर्ने काम सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा जिल्ला सदरमुकामस्थित गाउँ विकास समितिको हुनेछ ।

(७) राष्ट्रिय झण्डाको रङ्ग र कपडामा एकरूपता ल्याउनका निमित्त एक आर्थिक वर्षभरिलाई आवश्यक पर्ने झण्डाहरू बनाउन चाहिने सिम्रिक, नीलो र सेतो रङको कपडा प्रत्येक आर्थिक वर्षको सुरुमा नै सम्बन्धित निकायले व्यवस्था गर्नु पर्नेछ ।

(८) दफा ६ को उपदफा (४) बमोजिमका विशिष्ट व्यक्तिको निवास र सवारी साधनमा प्रयोग गरिने राष्ट्रिय झण्डाहरू सम्बन्धित निकाय वा कार्यालयले नै उपलब्ध गराउनु पर्नेछ ।

(९) यस कार्यविधि बमोजिम राष्ट्रिय झण्डाको प्रयोग गर्ने गराउने दायित्व सम्बन्धित निकायको प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(१०) विदेशी पाहुनाहरुसँग हुने बैठक समारोहमा प्रयोग हुने राष्ट्रिय झण्डाको व्यवस्थापन परराष्ट्र मन्त्रालयसँग समन्वय गरी सम्बन्धित मन्त्रालयले गर्नेछ ।

(११) सुरक्षा निकायहरुको वार्षिकोत्सव, दीक्षान्त कवाज लगायतका महत्वपूर्ण कार्यक्रमहरुमा राष्ट्रिय झण्डाको साथै विभागीय झण्डा प्रयोग गर्न सकिनेछ ।

(१२) यस कार्यविधिमा उल्लेख नभएको तर राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउने नेपाल सरकारको स्वामित्व भएका भवनहरूमा राष्ट्रिय झण्डा प्रयोग गर्दा दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको राष्ट्रिय झण्डा प्रयोग गरिनेछ ।

(१३) दफा ६ को उपदफा (१) को खण्ड (क) देखि (ध) सम्मका कार्यालयहरु, दफा ६ को उपदफा (४) बमोजिम विशिष्ट व्यक्तिको निजी आवासको लागि प्रयोग भएको भवन र उपदफा (३) बमोजिमका भवनहरूमा राखिने राष्ट्रिय झण्डाहरू प्रत्येक दिन सूर्योदय भएको ५ मिनेट भित्रमा लगाई सक्नु पर्ने र सूर्यास्त हुनासाथ झिकिसक्नु पर्नेछ ।

८. <u>**राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधि**</u> : राष्ट्रिय झण्डाको प्रयोग गर्ने विधि देहाय बमोजिमको हुनेछ :-

(क) कार्यालय भवनमा स्थिररूपमा राखिएको न्यूनतम ५ मिटर ८० सेन्टिमिटर (१९ फिट) को अग्लो पोलमा डोरीले बाँधेर राष्ट्रिय झण्डा फहराउने ।

(ख) कार्यालयको मूलद्वारबाट सामान्यतया मध्य भागमा/बिचमा प्रष्ट देखिने गरी राष्ट्रिय झण्डा राख्ने ।

(ग) राष्ट्रिय झण्डा राख्न पाउने पदाधिकारीको कार्यकक्षमा आसनको दाहिनेपट्टि कुर्सीको समानान्तरमा भुईमा नलत्रने र कतै नछुने गरी आधार (बेस) सहितको डन्डामा राख्ने ।

(घ) विशिष्ट व्यक्तिले प्रयोग गर्ने सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा राख्दा सवारी साधनको दाहिनेपट्टि अग्रभागमा ३५ सेन्टिमिटरको डन्डाको आधारमा नछुने गरी राख्ने ।

(ङ) कुनै व्यक्तिले राष्ट्रिय झण्डा राख्न चाहेमा दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको राष्ट्रिय झण्डा डन्डामा भुइँमा नलत्रने किसिमले राष्ट्रिय झण्डाको उचित सम्मान प्रकट हुने गरी ठड्याएर राख्ने ।

(च) दुई वा दुईभन्दा बढी झण्डा रहेको अवस्थामा राष्ट्रिय झण्डा अग्लो गरी दाहिने (धेरै हुँदा बिचमा) झण्डोत्तोलन गर्दा सबैभन्दा पहिला राख्ने र सबै भन्दा अन्तिममा झिक्ने ।

(छ) कवाज प्रदर्शनमा राष्ट्रिय झण्डाको प्रयोग हुने अवस्थामा टुकडीको अगाडि बीचमा पर्ने गरी बोक्ने, राष्ट्रिय झण्डा पछाडि विभागीय वा अन्य झण्डा राख्ने र यसरी राष्ट्रिय झण्डा बोक्दा दायाँ हात माथि र बायाँ हात तल पारेर राष्ट्रिय झण्डा सिधा हुने गरी बोक्ने ।

(ज) मार्च पासको क्रममा सलामी गर्दा राष्ट्रिय झण्डा नझुकाउने तर विभागीय तथा अन्य झण्डा चलन अनुसार सलामी अवस्थामा लगी अभिवादन गर्ने ।

(झ) राष्ट्रिय झण्डाको सम्मानलाई ख्याल गरी झण्डोत्तोलन गर्दा राष्ट्रिय झण्डाभित्र फूल, अविर आदि राखी पोको पार्नु वा पट्याउनुको सट्टा बेग्लै कपडामा पोको पारी खसाउने व्यवस्था गर्ने ।

(ञ) कुनै व्यक्तिप्रति सम्मान व्यक्त गर्नु पर्ने भई त्यस्तो व्यक्तिको शवमा नेपाल सरकारको निर्णय बमोजिम राष्ट्रिय झण्डा ओढाउनु पर्ने अवस्थामा पीताम्बर/कफिन माथि भुईँमा नछुने गरी चन्द्रमा टाउकोतर्फ र सूर्य तलपट्टि पारी राष्ट्रिय झण्डा प्रष्ट देखिने गरी ओढाउनु पर्ने ।

९. **राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी प्रयोग गर्नु पर्ने** : राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धमा राष्ट्रिय झण्डाको मर्यादा र सम्मानमा आँच नआउने गरी सर्वसाधारण नागरिकले समेत निजी निवासमा राष्ट्रिय झण्डा फहराउन वा प्रयोग गर्न पाउने छन् । राष्ट्रिय झण्डा फहराउने सम्पूर्ण निकाय तथा नागरिकहरूले समेत नेपाल सरकारले शोक घोषणा गरेको दिनमा अनिवार्य रूपमा राष्ट्रिय झण्डा झुकाउनु पर्नेछ ।

१०. **राष्ट्रिय झण्डा फहराउने विधि** : (१) राष्ट्रिय झण्डाको रिवाली तथा रिट्रिट ( राष्ट्रिय झण्डा चढाउँदा तथा ओह्राल्दा) मा विगुलरले ऋतु अनुसारको धुन बजाउने र अर्कोले सोही विगुलको रिवालीको धुन सुरु भएर सकिँदासम्ममा राष्ट्रिय झण्डा डोरीमा बाँधी एकै गतिमा डोरी तानी राष्ट्रिय झण्डा माथि उचाल्ने र पोलको टुप्पामा राष्ट्रिय झण्डा पुगेपछि तरिकाबद्ध रूपमा पोलमा डोरी बाँध्ने तथा विगुलको रिट्रिटको धुन सुरु भएर सकिँदासम्ममा राष्ट्रिय झण्डा ओह्रालेर डोरी खोल्ने, पोलमा डोरी तरिकाबद्ध रूपमा बाँध्ने र अर्कोले राष्ट्रिय झण्डालाई चार पत्र (फोल्ड) गरी पट्याउनु पर्नेछ ।

(२) झण्डोत्तलन गर्दा एउटाले राष्ट्रिय झण्डा दुई हातको हत्केलामाथि राखी ल्याउने र अर्कोले पोलमा माथिपट्टि हेरी रिवाली/रिट्रिटको विधि अनुसार समय र गतिमा विस्तारै डोरी तान्नु पर्नेछ । राष्ट्रिय झण्डा फहराई सकेपछि राष्ट्रिय झण्डा ल्याउने एवं फहराउने र विगुलले दुबै एक साथ अभिवादन गर्नु पर्नेछ ।

(३) राष्ट्रिय झण्डा फहराउने समय सामान्यतया मौसम अनुसार विहान ५:०० देखि ५:३० वजे र साँझ १७:३० देखि १८:०० वजे हुने गरी देहाय बमोजिम रहनेछ :-

| रिवाली | रिट्रिट | मिति |
|---|---|---|
| बिहान ५:०० बजे | साँझ १८:०० बजे | भाद्र १ गतेदेखि लागू हुने गरी |
| बिहान ५:३० बजे | साँझ १७:३० बजे | कार्तिक१ गतेदेखि लागू हुने गरी |
| बिहान ५:३० बजे | साँझ १८:०० बजे | फागुन १ गतेदेखि लागू हुने गरी |
| बिहान ५:०० बजे | साँझ १८:०० बजे | वैशाख १ गतेदेखि लागू हुने गरी |

(४) कोत गारद नभएका कार्यालयहरूमा राष्ट्रिय झण्डा फहराउने र ओह्राल्ने गर्दा विगुलरको आवश्यकता रहने छैन ।

(५) राष्ट्रिय झण्डा झुकाउनु पर्ने अवस्थामा राष्ट्रिय झण्डालाई पूरै फहराउने अवस्थामा लगी त्यसपछि पोलको बिचमा ल्याई झुकाउनु पर्नेछ ।

११. **राष्ट्रिय झण्डाको प्रयोगमा निषेध** : राष्ट्रिय झण्डाको प्रयोगमा देहायका कार्यहरु गर्न निषेध गरिएको छ :-

(क) राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै पनि कार्य गर्न वा गराउन,

(ख) राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न,

(ग) राष्ट्रिय झण्डा च्याँत्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न,

(घ) व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरुपयोग गर्न,

(ङ) व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भाग बाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्ने गरी लगाउन,

(च) शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक/चित्र राख्न,

(छ) फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओह्रालेर राख्दा बाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग गर्न,

परिच्छेद-३

## राष्ट्रिय गान सम्बन्धी व्यवस्था

१२. **राष्ट्रिय गान** : नेपाल सरकारबाट निर्धारण भएको नेपालको राष्ट्रिय गान देहाय बमोजिम रहेको छ :-

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ॥
प्रकृतिका कोटि कोटि सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥
बहुजाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

१३. **राष्ट्रिय गानको प्रयोग** : राष्ट्रिय उत्सव, विभिन्न औपचारिक कार्यक्रम, विभागीय (फौजी) सामेली, सैन्य सम्मान, विद्यार्थी प्रार्थना, खेलकुदको समारोह, रेडियो र टिभी आदिमा राष्ट्रिय गानको प्रयोग अनिवार्यरुपमा गर्नु पर्नेछ ।

१४. **राष्ट्रिय गानको प्रयोगको समय र विधि** : (१) औपचारिक तथा विशेष समारोह र नेपाल सरकारका कुनै पनि निकाय वा कार्यालय, गैरसरकारी संघ संस्था तथा राजदूतावासहरूले आयोजना गरेका औपचारिक कार्यक्रमहरूमा राष्ट्रिय गान वा धुन बज्दा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, संविधान सभाका अध्यक्ष, प्रधान न्यायाधीश तथा अन्य पदाधिकारीहरू लागयत सबैले सतर्क अवस्थामा उभिएर शिर ठाडो गरी उच्च र उल्लासपूर्ण आवाजमा राष्ट्रिय गान गाउनु पर्नेछ । सुरक्षा निकायका राष्ट्रसेवकहरुले विभागीय प्रचलन अनुसार राष्ट्रिय धुन बज्दा उचित सम्मान प्रकट गर्नु पर्नेछ ।

(२) कुनै पनि राष्ट्रिय उत्सव वा विभिन्न औपचारिक कार्यक्रम तथा फौजी प्रकृतिका सामेली, सैन्य सम्मान, खेलकुद समारोह र विद्यालय प्रार्थनामा राष्ट्रिय गान गाउनु पर्नेछ । रेडियो र टेलिभिजनमा सम्पूर्ण कार्यक्रमको सुरुमा र अन्त्यमा राष्ट्रिय गान बजाउनु पर्नेछ । राष्ट्रिय गान अवधिभर सबैलाई उभिन अनिवार्य रूपले अनुरोध गर्नु पर्नेछ । सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रदर्शनको क्रममा कार्यक्रमको प्रारम्भ तथा समापनको समयमा राष्ट्रिय गान तथा धुन बजाए वा गाएमा उपदफा (१) बमोजिम सम्मान गर्नु पर्नेछ ।

(३) विभिन्न राष्ट्रिय दिवसहरूमा सम्मान अर्पण गर्दा र अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई राजकीय सम्मानका साथ अन्तिम सलामी प्रदान गर्दाको समयमा राष्ट्रिय धुन बजाउँदा उपदफा (१) बमोजिम सम्मान गर्नु पर्नेछ ।

(४) व्यक्तिगत रूपमा सार्वजनिक स्थलहरूमा यात्रा गर्दाको समयमा कुनै पनि माध्यमबाट राष्ट्रिय गान तथा धुन बजाए वा गाएका अवस्थामा बाहेक विभिन्न समारोह तथा कार्यक्रमको दिन र सो को पूर्व अभ्यास (रिहर्सल) को समयमा राष्ट्रिय गान तथा धुन बज्दा उपदफा (१) बमोजिम सम्मान गर्नु पर्नेछ ।

१५. **राष्ट्रिय गानको प्रयोगमा निषेध** : राष्ट्रिय गानको अपमान हुने गरी र असान्दर्भिक तवरले प्रयोग गर्न निषेध गरिएको छ ।

परिच्छेद-४

**विविध**

१६. **गृह मन्त्रालयको स्वीकृति बमोजिम हुने** : यस कार्यविधिमा राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी उल्लेख नभएको अन्य अवस्थाका सम्बन्धमा गृह मन्त्रालयको सूचना, स्वीकृति वा परामर्श बमोजिम राष्ट्रिय झण्डाको प्रयोग हुनेछ ।

१७. **अनुगमन गर्ने** : प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस कार्यविधि बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए नभएको सम्बन्धमा नियमितरुपमा अनुगमन गर्नेछ ।

१८. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** : गृह मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**अनुसूची**

(दफा ४ सँग सम्बन्धित)

**राष्ट्रिय झण्डाको आकार र नमूना**

**परिशिष्ट : "क"**

(दफा ४ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

लम्बाइ ८ फिट



चौडाइ ६ फिट

**परिशिष्ट : “ख”**

(दफा ४ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

लम्बाइ ६ फिट



चौडाइ ४ फिट

**परिशिष्ट : “ग”**

(दफा ४ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

लम्बाइ ४ फिट



चौडाइ ३ फिट

**परिशिष्ट : “घ”**

(दफा ४ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

लम्बाइ ३० सेन्टिमिटर



चौडाइ २० सेन्टिमिटर

**परिशिष्ट : “ङ”**

(दफा ४ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित)


लम्बाइ ३ फिट



चौडाइ २.५ फिट

**परिशिष्ट : “च”**

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)



आज्ञाले,

सुशील जङ्ग बहादुर राणा

नेपाल सरकारको सचिव